annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक २९, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १५ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | FRIDAY, MAY 29, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार

## ७३औं सगरमाथा दिवस :

# साहसीहरूको अविष्मरणीय गौरवगाथा

**आज मे २९ । सगरमाथा दिवस मानव साहस, गौरव र हिमालका अधुरा सपनाहरूको एक जीवन्त संगालो हो, जसको सुरुवात सन् १९५३ मा एडमन्ड हिलारी र तेञ्जिङ नोर्गे शेर्पाले पहिलोपटक सर्वोच्च शिखरमा पाइला टेकेर गरेका थिए । हालसम्म ७ हजार २ सयभन्दा बढीले यसको सफल आरोहण गरिसकेका छन् भने । हिमालमै ३ सय ४६ भन्दा बढी साहसी पर्वतारोहीहरूले जीवन गुमाए । सन् २०२६ ले पनि २ सय ७४ जनालाई शिखर टेकाएर अर्को कीर्तिमान कायम गऱ्यो ।**

**शिवप्रसाद ढुंगाना** | *ओखलढुंगा*



समाचार पृष्ठ २

आज बजेट भाषण

# आयोगको सीमा नाघ्दै मध्यमवर्ग लक्षित बजेट




**सुनिता कार्की** | *काठमाडौं*

भन्डै दुईतिहाइ बहुमतप्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले शुक्रबार पहिलो बजेट सार्वजनिक गर्दै छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्का दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने छन्।

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेटको सीमा (सिलिङ) १८ खर्ब ९० अर्ब रुपैयाँ तोकेको थियो। तर, सरकारले आयोगको सीमाभन्दा बढीको बजेट ल्याउने तयारी गरिरहेको छ। अर्थ मन्त्रालय स्रोतका अनुसार आयोगको उक्त सीमा नाघेर केही ठूलो आकारको बजेट आउने निश्चित भएको जनाएको छ।

यसपटकको बजेट विशेष गरी मध्यवर्गीय नागरिकमैत्री (मिडल क्लास फ्रेन्डली) हुने र नयाँ कम्पनी दर्तादेखि व्यवसाय विस्तारसम्मका कानुनी तथा करका अवरोधहरूलाई डिजिटलाइजेसनमार्फत सहुलियत दिने गरी तयार भइरहेको स्रोतले बतायो। सरकारले मध्यवर्गीय नागरिकमैत्री हुने गरी केही नयाँ कार्यक्रम पनि बजेटमा समावेश गरिरहेको मन्त्रालय स्रोतले बतायो। यो वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने गरी नयाँ कार्यक्रम समावेश गरेको मन्त्रालय स्रोतले बतायो।

सरकारले यस बजेटलाई काम गर्न बाधा पुऱ्याउने नभई कामप्रति प्रेरित गर्ने र ऊर्जा दिने गरी पूर्ण रूपमा 'प्रोत्साहनमुखी' बनाउने नीति लिएको स्रोतको भनाइ छ। बजेटमा पिछडिएको क्षेत्र, गरिब, दलित र महिला वर्गलाई राज्यले गर्ने संरक्षणको दायराभित्र राख्दै उच्च प्राथमिकता दिने तयारी गरिएको छ।

रास्वपाले निर्वाचनका बेला जारी गरेको 'वाचापत्र' का १४ देखि ४२ नम्बर बुँदाका धेरैजसो रूपान्तरणकारी एजेन्डाहरूलाई बजेटमा सम्बोधन गर्न लागिएको स्रोतले बतायो। अर्थ मन्त्रालयले यस वर्ष कृषि, पर्यटन र सूचना प्रविधि (आईटी) सहित सेवा क्षेत्रलाई बजेटको मुख्य प्राथमिकता (कोर प्रायोरिटी) मा राखेको छ भने जलविद्युत् क्षेत्रलाई पनि उत्तिकै महत्व दिइएको स्रोतले बतायो। निजी क्षेत्रमैत्री बजेटको तयारीमा सरकार रहेको छ।

बजेटको अन्तिम तयारी भइरहँदा आम चासोको विषय बनेको छ, निजामती कर्मचारीहरूको तलब वृद्धि। यस विषयमा के कति प्रतिशतमा तलब बढाउने भन्नेमा गृहकार्य भइरहेको स्रोतले बतायो। 'बजारमा १५ देखि २० प्रतिशतसम्म तलब बढ्ने हल्ला चले पनि यसले राज्यलाई ठूलो आर्थिक दायित्व थप्ने भएकाले बजेट प्रस्तुत हुनुअघिको उच्चस्तरीय बैठकमा मात्रै यसको टुंगो लाग्ने छ,' स्रोतले भन्यो।

त्यस्तै, सामाजिक सुरक्षा भत्तालाई भने निरन्तरता दिने गरी गृहकार्य भइरहेको छ। करका दरहरू परिमार्जन र अन्य रणनीतिक निर्णयहरूका लागि बिहीबार मध्यरातसम्म गृहकार्य जारी रहेको स्रोतले बतायो।

मन्त्रालय स्रोतले बजेट निर्माण प्रक्रिया लगभग अन्तिम चरणमा पुगेको बताएको छ। बजेट प्रस्तुत गर्नुअघि अर्थमन्त्री वाग्लेले बिहीबार राष्ट्रपति रामचन्द्र

पौडेलसँग भेटघाट गरी बजेटबारे जानकारी गराएका छन्। भेटमा अर्थमन्त्री डा. वाग्लेले संसद्मा पेस गरेको आर्थिक सर्वेक्षण २०८२/८३ र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन पनि राष्ट्रपतिलाई हस्तान्तरण गरेका थिए।

**रास्वपाको वाचापत्र, बजेटमा कसरी होला सम्बोधन ?**

सत्तासीन रास्वपाले सुशासन, संरचनात्मक आर्थिक सुधार र प्रविधिमा आधारित आधुनिक अर्थतन्त्रको बलियो मार्गचित्रसहितको चुनावी 'वाचापत्र' सार्वजनिक गरेको थियो।

» बाँकी पृष्ठ ६




टिप्पणी

# बालेनको हातमा आएको कूटनीतिक अवसर

**कमलदेव भट्टराई**

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको नयाँ सरकार गठनसँगै नेपाल एकपटक फेरि अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको राडारमा छ। जसको सुरुवात भदौ २३ र २४ को जेन-जी आन्दोलनबाट भएको थियो।

यो चासो केवल सरकार परिवर्तनका कारण होइन, नेपालमा लामो समयपछि देखिएको राजनीतिक स्थायित्व, युवा नेतृत्व, सुशासनको प्रतिबद्धता, आर्थिक सुधारको संकेत र क्षेत्रीय भूराजनीतिक प्रतिस्पर्धासँग गहिरो रूपमा जोडिएको छ।

विगत एक दशकमा नेपालप्रति अन्तर्राष्ट्रिय समुदायको धारणा मिश्रित थियो। भ्रष्टाचार, कमजोर प्रशासन, नीतिगत अस्थिरता, बारम्बार सरकार परिवर्तन तथा परियोजनाहरू कार्यान्वयन नहुनाले विकास साझेदार, दातृसंस्था तथा विदेशी लगानीकर्ता निराश थिए। तथापि, भूराजनीतिक अवस्थितिका कारण नेपाल सधैं शक्ति राष्ट्रहरूको चासोमा नै रहयो। तर, अहिलेको सरकारलाई 'सुधारमुखी



र परिणाम दिन सक्ने सरकार' का रूपमा हेर्न थालिएको देखिन्छ। किनभने यो सरकारसँग दुईतिहाइको समर्थन छ र केही परिवर्तन ल्याउने हुटहुटी छ। तर, त्यसमा सरकार कति सफल हुन्छ, त्यो भने हेर्न बाँकी नै छ। अहिलेसम्मको अवस्था मिश्रित छ।

सरकारले केही गर्न खोजेको जस्तो देखिन्छ तर अलमल त्यत्तिकै छ। समग्र रूपमा अन्तर्राष्ट्रिय समुदाय सरकारले ल्याएको सुधारको मार्गचित्रप्रति निकै उत्साहित देखिन्छ। यही कारणले भारत, अमेरिका, चीन, युरोपियन युनियन, जापान, दक्षिण कोरिया, बेलायत, अस्ट्रेलियालगायतका शक्ति केन्द्रहरूले नेपालसँग सक्रिय संवाद बढाएका छन्। अन्तर्राष्ट्रिय समुदायको पहिलो चासो सरकारको नेतृत्व शैलीसँग सम्बन्धित छ। प्रधानमन्त्री वालेन्द्र शाह स्वयं युवा हुन् र उनको मन्त्रिपरिषद्मा पनि अधिकांश सदस्य ४० वर्षमुनिका छन्। दक्षिण एसियामा परम्परागत राजनीतिक संरचनाभन्दा फरक शैलीको नेतृत्व देखिनु आफैंमा अन्तर्राष्ट्रिय समुदायका लागि नयाँ संकेत हो।

नेपालमा विगतमा सरकारहरू छोटो अवधिमा परिवर्तन भइरहन्थे। यसले नीतिगत निरन्तरता कमजोर बनायो। विदेशी लगानीकर्ताका लागि सबैभन्दा ठूलो समस्या यही थियो–परियोजना सुरु हुँदा सरकार फेरिनु, नीति बदलिनु वा प्रशासनिक अवरोध आउनु। अहिलेको सरकारले स्थायित्वको संकेत दिएको छ, जसले दीर्घकालीन लगानी र रणनीतिक सहकार्यको सम्भावना बढाएको छ। सुशासनसँगै लगानीको वातावरण बन्ने अपेक्षा छ।

त्यसैले अहिले नेपाललाई 'रिस्क' (जोखिम) होइन, 'अवसर' को रूपमा हेर्न थालिएको छ। विशेषगरी ऊर्जा, सूचना प्रविधि, पर्यटन, कृषि, पूर्वाधार र डिजिटल अर्थतन्त्रका क्षेत्रमा नेपाललाई अवसरको रूपमा हेर्न थालिएको छ।

» बाँकी पृष्ठ ६